# निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चानलन कार्यविधि) नियमावली, २०७६

<u>संशोधन</u>

१. निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम(सञ्चाकलन कार्यविधि)(पहिलो संशोधन) नियमावली, २०७७ २०७७।०१।१६

२. निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम(सञ्चाकलन कार्यविधि)(दोस्रो संशोधन) नियमावली, २०७७ २०७७।०३।१९

३. निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम(सञ्चाकलन कार्यविधि)(तेश्रो संशोधन) नियमावली, २०७७ २०७७।०४।२३

प्रदेश नं. ४, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरूको नाम "निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चांलन कार्यविधि) नियमावली, २०७६ " रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "उपभोक्ता समिति" भन्नाले स्थानीय तहमा सञ्चाालन हुने कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरु मध्येबाट प्रचलित कानून बमोजिम गठित उपभोक्ता समिति सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले यस नियमावली बमोजिम सञ्चानलन हुने निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सम्झनु पर्छ र सो शब्दले त्यस्ता कार्यक्रम सञ्चासलन हुने पूर्वाधार निर्माण आयोजनालाई समेत जनाउनेछ।

(ग) "कार्यक्रम कार्यान्वयन गर्ने कार्यालय" भन्नाले कार्यालयले तोकेको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको सम्बन्धित जिल्लाको कार्यालय सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश सम्झनु पर्छ।

(ङ) "भौतिक पूर्वाधार विकास मन्त्रालय " भन्नाले गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(च) "विषयगत मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको विषयगत मन्त्रालय सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले नियम ३ बमोजिम गठित कार्यक्रम निर्देशक समिति सम्झनु पर्छ।

(ज) "स्थानीय तह " भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

(झ) "स्थानीय तहको कार्यालय" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिकाको कार्यालय सम्झनु पर्छ।

३. **कार्यक्रम निर्देशक समितिः** (१) यस नियमावली बमोजिम कार्यक्रमको छनौट र कार्यान्वयन गर्न नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (क) बमोजिम प्रदेश सभा सदस्यको लागि निर्धारित प्रत्येक निर्वाचन क्षेत्रमा एक कार्यक्रम निर्देशक समिति रहनेछ।

(२) उपनियम (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहने छनः-

(क) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (क) बमोजिम प्रदेश सभा सदस्यको लागि निर्धारित सम्बन्धित निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभाको सदस्य, -संयोजक

(ख) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (ख) बमोजिम समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभाका सदस्य, -सदस्य

(३) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (ख) बमोजिम समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभाका सदस्य आफ्नो स्थायी ठेगाना भएको निर्वाचन क्षेत्रमा मात्रै उपनियम (१) बमोजिमको समितिको सदस्य हुन सक्नेछ।

(४) उपनियम (३) बमोजिमका प्रदेश सभा सदस्यले आफ्नो स्थायी ठेगाना भएको निर्वाचन क्षेत्र खुलाई आषाढ १५ गतेभित्र कार्यालयमा लिखित रुपमा जानकारी दिनु पर्नेछ।

✂........

(५) उपनियम (२) को खण्ड (क) बमोजिमको निर्वाचित प्रदेश सभाको सदस्य निलम्बन भएको वा कुनै कारणले त्यस्तो पद रिक्त भएको अवस्थामा उपनियम (२) को खण्ड (ख) बमोजिमको प्रदेश सभाको सदस्यले संयोजकको रुपमा कामकाज गर्नेछ।

---

✂ तेस्रो संशोधनद्वारा झिकिएको

(६) उपनियम (५) बमोजिम प्रदेश सभाको सदस्य निलम्बन वा पद रिक्त भएको अवस्थामा उपनियम (३) बमोजिम प्रदेश सभाका एक भन्दा बढी सदस्य एउटै निर्वाचन क्षेत्रको उपनियम (१) बमोजिमको समितिको सदस्य भएमा उपनियम (२) को खण्ड (ख) बमोजिमका प्रदेश सभाका सदस्यहरू मध्येबाट उमेरको हिसाबले ज्येष्ठ सदस्यले संयोजकको रुपमा कामकाज गर्नेछ।

(७) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (क) बमोजिम प्रदेश सभा सदस्यको लागि निर्धारित कुनै निर्वाचन क्षेत्रमा उपनियम (२) को खण्ड (क) र उपनियम (३) बमोजिमका सदस्य नभएमा कार्यालयले तोकेको सम्बन्धित जिल्लाको प्रदेश सभा सदस्यले समितिको संयोजकको रुपमा कामकाज गर्नेछ।

(८) कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयको कार्यालय प्रमुख वा अधिकृत प्रतिनिधिले समितिको सचिव भई काम गर्नेछ।

४. **समितिको काम, कर्तव्य र अधिकारः-** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (क) बमोजिम प्रदेश सभा सदस्यको लागि निर्धारित प्रत्येक निर्वाचन क्षेत्र अन्तर्गत रहेका स्थानीय तहको वार्षिक विकास कार्यक्रम सङ्कलन तथा विश्लेकषण गर्ने,

(ख) कार्यक्रम अन्तर्गत सञ्चासलन हुने आयोजना छनौटका मापदण्ड तयार गर्ने,

(ग) नियम ७ बमोजिम छनौट भएका आयोजनाको स्वीकृति दिने,

(घ) समितिबाट स्वीकृत भएका आयोजना कार्यान्वयनको लागि कार्यालय र विषयगत मन्त्रालय/ कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयमा लेखी पठाउने,

(ङ) समितिबाट स्वीकृत भएका आयोजनाको बारेमा सम्बन्धित स्थानीय तहलाई जानकारी गराउने।

५. **समितिको बैठक सम्बन्धी कार्यविधिः-** (१) समितिको बैठक देहाय बमोजिम वर्षको कम्तीमा तीन पटक बस्नेछः-

(क) गत आर्थिक वर्षको कार्यक्रम कार्यान्वयनको समीक्षा तथा चालु आर्थिक वर्षको आयोजना छनौट सम्बन्धी छलफल गर्न 🕮कार्तिक मसान्तभित्र,

✂..........

(ख) चालु आर्थिक वर्षमा कार्यान्वयनमा रहेका कार्यक्रमको समीक्षा तथा आयोजना कार्यान्वयन सम्बन्धी मार्गदर्शन गर्न माघ मसान्तभित्र,

(ग) आगामी आर्थिक वर्षको लागि स्थानीय तहको वार्षिक योजनामा कार्यक्रम समावेश गर्न जेष्ठ मसान्तभित्र।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ। बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ।

🕮(३) समितिको निर्णय सर्वसम्मतिबाट हुनेछ। सर्वसम्मतिबाट निर्णय हुन नसकेमा समितिको संयोजकको निर्णय अन्तिम हुनेछ । यसरी संयोजकले निर्णय गर्दा कुल बजेट (प्रशासनिक खर्च बाहेक) को कम्तीमा ३० प्रतिशत बजेट नियम ३ को उपनियम (२) को खण्ड (ख) बमोजिमका सदस्यका लागि छुट्याउनु पर्नेछ।

तर प्रदेश सभाको एक निर्वाचन क्षेत्रमा नियम ३ को उपनियम (२) को खण्ड (ख) बमोजिमका सदस्यहरु दुई वा दुई भन्दा बढी भएमा सो निर्वाचन क्षेत्रका लागि छुट्याइएको कुल बजेट (प्रशासनिक खर्च बाहेक) को कम्तीमा ४० प्रतिशत बजेट नियम ३ को उपनियम (२) को खण्ड (ख) बमोजिमका सदस्यहरूका लागि छुट्याउनु पर्नेछ।

✂(४) ............

६. **आयोजनाको किसिमः** (१) यस नियमावली बमोजिम देहायका सार्वजनिक उपयोगसँग सम्बन्धित पूर्वाधार विकास सम्बन्धी आयोजना सञ्चालन गर्न सकिनेछः-

(क) 🕮नदी, गल्छी, बाढी तथा पहिरो नियन्त्रण एवं सिँचाइ सम्बन्धी आयोजना,

(ख) सडक निर्माण तथा स्तरोन्नति (सडक, सडक पुल, झोलुङ्गे पुल, कल्भर्ट, ढल, काठेपुल निर्माण) सम्बन्धी आयोजना,

(ग) खानेपानी तथा सरसफाइ, फोहरमैला व्यवस्थापन तथा ल्याण्डफिल साइट निर्माण आयोजना,

---

🕮 तेस्रो संशोधनद्वारा संशोधित

✂ तेस्रो संशोधनद्वारा झिकिएको

(घ) ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक र पर्यटकीय स्थलको संरक्षण, जीर्णोद्धार तथा निर्माण आयोजना र भ्यू टावर निर्माण, पदमार्ग, विश्राम स्थल, भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण सम्बन्धी कार्यक्रम लगायतका पर्यटन विकास सम्बन्धी आयोजना,

(ङ) नवीकरणीय ऊर्जा, लघु जलविद्युत तथा विद्युतीकरण सम्बन्धी आयोजना,

(च) स्वास्थ्य चौकी, प्रसूती भवन, कर्मचारी आवास, शवदाह गृह, सार्वजनिक शौचालय, प्रहरी चौकी, बाल विकास केन्द्र, बहुउद्देश्यीय भवन, सामुदायिक भवन, पुस्तकालय, विपन्न एवम् भूमिहीन नागरिकहरूको लागि आवास भवन, वृद्धाश्रम भवन, अनाथालय तथा पुनर्स्थापना केन्द्र निर्माण सम्बन्धी आयोजना,

(छ) कृषि उपज सङ्कलन केन्द्र निर्माण, कृषि तथा पशुपक्षी हाट बजार व्यवस्थापन लगायतका कृषि सम्बन्धी अन्य आयोजना,

(ज) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकास सम्बन्धी आयोजना,

(झ) खेलकुद मैदान तथा पूर्वाधार निर्माण, सार्वजनिक उद्यान तथा सभागृह निर्माण सम्बन्धी आयोजना,

(ञ) लघु तथा घरेलु उद्यम व्यवसायको पूर्वाधार विकास सम्बन्धी आयोजना,

(ट) समितिले उपयुक्त देखेका समुदायको पूर्वाधार विकास सम्बन्धी अन्य आयोजना।

[३](१क.) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोभिड-१९ को असर न्यूनीकरण गर्न यस कार्यक्रम अन्तर्गत कुल बजेटको कम्तीमा २५ प्रतिशत बजेट देहाय बमोजिमका उत्पादन तथा सेवामूलक क्षेत्र सँग सम्बन्धित पूर्वाधार विकास मा विनियोजन गर्नु पर्नेछ।

(क) कृषि, पशुपालन, र

(ख) पर्यटन

[३] तेस्रो संशोधनद्वारा थप

(२) गैर सरकारी संस्था वा सहकारी संस्थामार्फत आयोजना कार्यान्वयन गर्न र उपनियम (१) र [ǂ](१क.) मा तोकिए बाहेकका अन्य प्रकृतिका आयोजना छनौट गर्न पाइने छैन।

तर सामुदायिक विद्युतीकरणसँग सम्बन्धित सहकारी संस्था मार्फत सम्बन्धित क्षेत्रको विद्युतीकरण गर्ने आयोजना कार्यान्वयन गर्न यस उपनियमले बाधा पुर्यातएको मानिने छैन।

७. **आयोजना छनौटः** (१) समितिले नियम ६ मा उल्लिखित आयोजनाहरू मध्येबाट यस नियमावली बमोजिम कार्यान्वयन हुने आयोजना छनौट गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको आयोजना छनौट गर्दा सम्भव भएसम्म सहभागितामूलक योजना पद्दतिबाट छनौट भएका आयोजना मध्येबाट छनौट गर्नु पर्नेछ।

(३) समितिले आयोजना छनौट गर्दा सम्भव भएसम्म एक आर्थिक वर्षभित्र कार्यान्वयन गर्न सकिने आयोजना छनौट गरी अनुसूची-१ बमोजिमको कार्यान्वयन तालिका कार्यालय, विषयगत मन्त्रालय र कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयमा प्रत्येक वर्षको [📖]कार्तिक मसान्तभित्र पठाई सक्नु पर्नेछ। समितिले त्यसरी छनौट भएका आयोजनाको बारेमा सम्बन्धित स्थानीय तहलाई जानकारी गराउनु पर्नेछ।

[✂]............

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षमा सम्पन्न हुन नसक्ने आयोजनाको हकमा विषयगत मन्त्रालय/स्थानीय तहले उक्त आयोजनालाई आफ्नो योजनामा समावेश गरी बहुवर्षीय आयोजनाका रुपमा कार्यान्वयन गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिमको विवरणको आधारमा समितिले अनुसूची-२ बमोजिमको ढाँचामा विवरण तयार गरी आयोजना छनौट भएको पन्ध्र दिनभित्र कार्यालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(६) उपनियम (३) बमोजिमको अवधिभित्र आयोजना पेश नगरेमा यो नियम बमोजिमको रकम निकासा गर्न कार्यालय बाध्य हुने छैन।

---

[ǂ] तेस्रो संशोधनद्वारा थप

[📖] तेस्रो संशोधनद्वारा संशोधित

[✂] तेस्रो संशोधनद्वारा झिकिएको

(७) उपनियम (१) बमोजिम आयोजना छनौट गर्दा देहायका आयोजनालाई समेत प्राथमिकतामा राख्नु पर्नेछः-

(क) प्रदेशको आवधिक विकास योजना र अन्य क्षेत्रगत योजनाको प्राथमिकतामा परेका पूर्वाधार सम्बन्धी आयोजना,

(ख) श्रममा आधारित रोजगारी सिर्जना गर्ने किसिमका पूर्वाधार सम्बन्धी आयोजना,

(ग) बढी जनसहभागिता हुने पूर्वाधार सम्बन्धी आयोजना,

(घ) पर्यटन क्षेत्रको विकास तथा सुदृढीकरण गरी रोजगारी सृजना गर्ने आयोजना,

(ङ) विपद्वाकट क्षति भएको वा हुन सक्ने समस्यालाई सम्बोधन गर्ने पूर्व तयारी र जोखिम न्यूनीकरण गर्ने पूर्वाधार सम्बन्धी आयोजना,

(च) सम्बन्धित निर्वाचन क्षेत्रभित्रका स्थानीय तहले दुई वा सो भन्दा बढी स्थानीय तहलाई फाइदा पुग्ने भनी छनौट गर्नका लागि अनुरोध गरेका पूर्वाधार सम्बन्धी आयोजना,

(छ) स्थानीय तह र साविकको जिल्ला विकास समिति तथा प्रदेश सरकार अन्तर्गत पर्न आएका विषयगत कार्यालयबाट सञ्चालित अधुरा रहेका पूर्वाधार विकास सम्बन्धी आयोजना।

(८) उपनियम (१) बमोजिम आयोजना छनौट गर्दा देहाय बमोजिमका आयोजना समेत छनौट गर्न सकिनेछः-

(क) सम्बन्धित गाउँ सभा वा नगर सभाबाट स्वीकृत भएको तर बजेट अभावका कारण कार्यान्वयन हुन नसकेका आयोजना,

(ख) सम्बन्धित गाउँ सभा वा नगर सभाबाट स्वीकृत भई बजेट विनियोजन भए तापनि पर्याप्त नभएको कारण बजेट थप गर्न सम्बन्धित स्थानीय तहले अनुरोध गरेका आयोजना,

(ग) प्रकोप वा विपदबाट क्षति भएका वा जोखिममा परेका र सो को पूनर्निर्माण, नियन्त्रण र रोकथामका निमित्त बजेट व्यवस्था नभएका वा बजेट व्यवस्था भए पनि पर्याप्त नभएका कारण बजेट थप गर्न आवश्यक देखिएका आयोजना।

(९) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा आयोजना स्थल, लागत, विनियोजित बजेट, उपभोक्ता समिति वा निर्माण व्यवसायीको नाम समेतको आयोजना सम्बन्धी पूर्ण विवरण

सहितको जानकारी सम्बन्धित आयोजना स्थल, कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयको सूचनापाटी तथा वेबसाइटमा समेत राख्नुआ पर्नेछ।

(१०) कार्यक्रम अन्तर्गत एक निर्वाचन क्षेत्रमा एक आर्थिक वर्षमा बढीमा पच्चीस वटा आयोजना छनौट गर्न सकिनेछ।

(११) उपनियम (१०) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) बमोजिम आयोजना छनौट गर्दा कार्यक्रमबाट प्रति आयोजना कम्तीमा पच्चीस लाख रुपैंया विनियोजन गर्नु पर्ने गरी कम्तीमा दुई वटा आयोजना छनौट गर्नु पर्नेछ।

तर साना आयोजना छनौट गर्नु पर्ने भएमा एक लाखका तीन वटा र दुई लाखका पाँच वटामा नबढ्ने गरी आयोजना छनौट गर्नु पर्नेछ।

📖(१२) यस नियमावली बमोजिम कार्यान्वयन हुने आयोजनाको सम्बन्धमा पौष मसान्तभित्र सम्झौता गरी सक्नु पर्नेछ।

तर सो अवधिभित्र कुनै कारणवस सम्झौता हुन नसकेमा समितिले सो आयोजना परिवर्तन गरी चैत्र मसान्तभित्र सम्बन्धित निर्वाचन क्षेत्रभित्रको अर्को आयोजना छनौट गरी सम्झौता गरी सक्नु पर्नेछ।

⌛(१२क.) ✂......

(१३) उपनियम (१२) बमोजिम आयोजना परिवर्तन भएको जानकारी कार्यालय, विषयगत मन्त्रालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय / कोष तथा लेखा नियन्त्रक कार्यालयमा समेत दिनु पर्नेछ।

(१४) समितिको सचिवले यस नियमावली बमोजिम आयोजना छनौटको विवरण कार्यालय, विषयगत मन्त्रालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय / कोष तथा लेखा नियन्त्रक कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

---

📖 तेस्रो संशोधनद्वारा संशोधित

⌛ दोस्रो संशोधनद्वारा थप

✂ तेस्रो संशोधनद्वारा झिकिएको

८. **कार्यक्रममा साझेदारी गर्न सकिनेः** (१) यस कार्यक्रमबाट कार्यान्वयन हुने आयोजनामा नेपाल सरकार/ संघीय स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम/सम्बन्धित स्थानीय तह/सामुदायिक संस्थाले आफ्नो मिल्दो कार्यक्रमबाट वित्तीय साझेदारी गर्न सक्नेछ।

(२) यस कार्यक्रम अन्तर्गत उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने आयोजनामा उपभोक्ता समितिले लागत साझेदारी गर्न सक्नेछ।

(३) यस कार्यक्रम अन्तर्गत छनौट भएका आयोजनामा विषयगत मन्त्रालयको कार्यक्रमबाट साझेदारी गर्न सकिनेछ।

(४) कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले उपनियम (१), (२) र (३) बमोजिमको रकम समावेश गरी आयोजनाको कुल लागत अनुमान तयार गर्नु पर्नेछ।

(५) समितिले लागत साझेदारी बढी हुने आयोजना छनौट गरी कार्यान्वयन गर्न प्राथमिकता दिने गरी मापदण्ड बनाउन सक्नेछ।

९. **कार्यक्रमको सञ्चालन र कार्यान्वयनः** (१) समितिले यस नियमावली बमोजिम छनौट भएका कार्यक्रम कार्यान्वयनको लागि विषयगत मन्त्रालय र कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयमा पठाउनु पर्नेछ।

(२) विषयगत मन्त्रालय र कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले उपनियम (१) बमोजिम प्राप्त कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिमार्फत कार्यक्रम कार्यान्वयन गर्न बाधा पर्ने छैन।

(४) समितिले कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन समन्वय तथा सहजीकरण गर्नु पर्नेछ।

१०. **रकम निकासा सम्बन्धी व्यवस्थाः** (१) समितिको सचिवले 📖कार्तिक मसान्तभित्र अनुसूची २ बमोजिमको विवरण भरी कार्यालयमा पठाउनु पर्नेछ।

(२) कार्यालयले कार्यक्रम कार्यान्वयन गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयमा खर्च गर्ने अख्तियारी प्रदान गर्नेछ।

(३) भौतिक पूर्वाधार विकास मन्त्रालयले कार्यक्रम कार्यान्वयन गर्न अनुसूची २ बमोजिम हुन आउने रकम सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय/ कोष तथा लेखा नियन्त्रक

---

📖 तेस्रो संशोधनद्वारा संशोधित

कार्यालय मार्फत कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयमा 🕮मंसिर मसान्तभित्र रकम निकासाको व्यवस्था मिलाउनु पर्नेछ ।

(४) समितिले नियम ७ बमोजिम आयोजना छनौट गरी पेश गरिसकेपछि प्रदेश सभाका सदस्यको कार्यकाल समाप्त भएपनि कार्यक्रम कार्यान्वयन तथा रकम निकासा गर्न बाधा पर्ने छैन।

११. **सार्वजनिक परीक्षणः** (१) यस नियमावली बमोजिम सञ्चालित कार्यक्रमहरूको कार्य सम्पन्न भएपछि कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले सार्वजनिक परीक्षण गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको परीक्षण देहाय बमोजिम गर्न सकिनेछ।

(क) सार्वजनिक सुनुवाइ गरेर, वा

(ख) आम्दानी खर्चको विवरण जाँच गरेर, वा

(ग) नागरिक समाजबाट परीक्षण गराएर ।

(३) कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले उपनियम (१) बमोजिम सार्वजनिक परीक्षण गरे पछि मात्र अन्तिम भुक्तानी दिनु पर्नेछ ।

१२. **लेखा तथा लेखा परीक्षणः** (१) कार्यालयबाट प्राप्त अख्तियारी बमोजिमको रकम निकासा तथा खर्च सम्बन्धी सम्पूर्ण कार्यको जिम्मेवारी कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयको हुनेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त रकमको आन्तरिक र अन्तिम लेखा परीक्षण कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले प्रचलित कानून बमोजिम गर्नु गराउनु पर्नेछ।

(३) कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले कार्यक्रमको चौमासिक प्रगति प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन विषयगत मन्त्रालय मार्फत कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

१३. **अनुगमनः** (१) यस नियमावली बमोजिम कार्यान्वयन गरिने आयोजनाहरूको अनुगमन गर्न देहायका पदाधिकारी रहेको अनुगमन समिति रहनेछ।

(क) नियम ३ को उपनियम (२) को खण्ड (ख) बमोजिमको कार्यक्रम निर्देशक समितिको सदस्य, -संयोजक

(ख) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (क) बमोजिम प्रदेश सभा सदस्यको लागि निर्धारित सम्बन्धित निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली -सदस्य

---

🕮 तेस्रो संशोधनद्वारा संशोधित

बमोजिम निर्वाचित प्रदेश सभाको सदस्य,

📖(ग) सम्बन्धित जिल्ला समन्वय समितिको प्रमुख वा निजको अनुपस्थितिमा उपप्रमुख -सदस्य

📖(घ) सम्बन्धित स्थानीय तहको उपाध्यक्ष/उपप्रमुख र सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

(२) उपनियम (१) को खण्ड (क) बमोजिमका सदस्य एक भन्दा बढी भएमा उमेरको हिसाबले ज्येष्ठ सदस्यले संयोजकको रुपमा कामकाज गर्नेछ र अन्य सदस्यले सो समितिको सदस्यको रुपमा कार्य गर्नेछन्।

(३) उपनियम (१) को खण्ड (क) बमोजिमका सदस्य नभएको निर्वाचन क्षेत्रमा कार्यालयले तोकेको सम्बन्धित जिल्लामा स्थायी ठेगाना भएको समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभाका सदस्यले अनुगमन समितिको संयोजकको रुपमा कामकाज गर्नेछ।

(४) उपनियम (१) को खण्ड (क) बमोजिमका सदस्य नभएको जिल्लामा कार्यालयले तोकेको समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभा सदस्यले अनुगमन समितिको संयोजकको रुपमा कामकाज गर्नेछ।

(५) दुईवटा मात्र निर्वाचन क्षेत्र भएको र उपनियम (१) को खण्ड (क) बमोजिमको एकजना मात्र सदस्य भएको जिल्लामा त्यस्तो सदस्यले दुईवटा निर्वाचन क्षेत्रको अनुगमन समितिको संयोजकको रुपमा कामकाज गर्नेछ र एकजना मात्र त्यस्तो सदस्य भएको तर दुई भन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लामा सोही जिल्लाको त्यस्तो सदस्य र कार्यालयले तोकेको समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभा सदस्यले कार्यालयले तोके बमोजिम अनुगमन समितिको संयोजकको रुपमा कामकाज गर्नेछन्।

(६) कुनै आयोजना कार्यान्वयनको सम्बन्धमा समय, लागत र गुणस्तर सम्बन्धी कुनै प्रश्न उठेमा कार्यक्रम निर्देशक समितिले सो सम्बन्धमा अनुगमन र जाँचबुझको लागि छुट्टै विशेष अनुगमन टोली गठन गर्न सक्नेछ।

(७) उपनियम (६) बमोजिम गरिने अनुगमनका सन्दर्भमा दिइएका सुझावहरू कार्यान्वयन गर्नु सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयको कर्तव्य हुनेछ।

---

📖 तेस्रो संशोधनद्वारा संशोधित

१४. **आयोजनाको सम्झौता, पेश्की, प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारकः** (१) आयोजनाको सम्झौता सम्पन्न भए पछि कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले प्रचलित कानून बमोजिम पेश्की उपलब्ध गराउन सक्नेछ।

(२) उपभोक्ता समिति मार्फत सञ्चालन भएको आयोजनाको हकमा भएको खर्चको बिल भौचर सहितको विवरण सम्बन्धित उपभोक्ता समितिले र ठेक्काबाट भएको हकमा ठेक्का बिल कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयमा पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको विवरण प्राप्त भएपछि कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयको प्रमुखले जाँचपासका लागि प्राविधिक कर्मचारी खटाई सम्पन्न भएका कामको सम्बन्धमा प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम खटिएको कर्मचारीले लागत अनुमान र बजेट अनुसार काम भए नभएको स्पष्ट खुलाई प्रतिवेदन दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको प्रतिवेदनबाट खर्च अनुसारको काम भएको भन्ने देखिन आएमा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्यस्तो कामको जाँचपास गरिदिन सक्नेछ।

(६) उपनियम (५) बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयबाट जाँचपास भई सकेपछि कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयको प्रमुखले प्रचलित कानून बमोजिम त्यस्तो कामको हिसाब फरफारक गरी सो को विवरण चौमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ।

१५. **कार्यक्रमको प्रशासनिक खर्च सम्बन्धी व्यवस्थाः** 🕮(१) कार्यक्रम अन्तर्गत आयोजना छनौट गर्न, प्रतिवेदन गर्न, कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन तथा अनुगमन गर्न प्रशासनिक खर्च (कन्टिन्जेन्सी) को रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालयले अनुसूची ३ मा उल्लेख भए बमोजिमको रकम दुई किस्तामा सोझै कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयमा उपलब्ध गराउनु पर्नेछ। त्यसरी उपलब्ध गराइएको रकम मध्ये प्रदेश सभाको दुईवटा मात्र निर्वाचन क्षेत्र भएको जिल्लामा कम्तीमा दुई लाख, चारवटा मात्र निर्वाचन क्षेत्र भएको जिल्लामा कम्तीमा चार लाख र छ वटा निर्वाचन क्षेत्र भएको जिल्लामा कम्तीमा छ लाख रुपैयाँ अनुगमन खर्च छुट्याउनु पर्नेछ।

(२) भौतिक पूर्वाधार विकास मन्त्रालयले कार्यक्रमका लागि उपदफा (१) बमोजिमको प्रशासनिक खर्चबापत प्राप्त रकमबाट प्रदेश सभाका ४ र ६ वटा निर्वाचन क्षेत्र भएका जिल्लाका

---
🕮 तेस्रो संशोधनद्वारा संशोधित

लागि एक जना ईन्जिनियर र एक जना सव ईन्जिनियर तथा २ वटा निर्वाचन क्षेत्र भएका जिल्लाका लागि एक जना ईन्जिनियर करारमा लिनेछ।

(३) उपदफा (२) बमोजिम नियुक्त ईन्जिनियरले सम्बन्धित प्रदेश सभा सदस्यको सहमतिमा आवश्यकता अनुसार निजका स्वकीय सचिवको सहयोग लिन सक्नेछ।

१६. **कार्यक्रमको प्रतिवेदन तथा प्रगति समीक्षाः** (१) कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयको प्रमुखले सञ्चामलित कार्यक्रमको प्रगति प्रतिवेदन भौतिक पूर्वाधार विकास मन्त्रालयमा प्रत्येक चौमासिक अवधि समाप्त भएको मितिले सात दिनभित्र पठाउनु पर्नेछ।

(२) कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयको प्रमुखले नियमित समीक्षा बैठकमा उपनियम (१) बमोजिमको प्रगति विवरण पेश गरी समीक्षा गर्नु पर्नेछ।

१७. **कार्यालयले निर्देशन दिन सक्नेः** यस नियमावलीको कार्यान्वयनलाई थप पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन कार्यालयले आवश्यक निर्देशन दिन सक्नेछ। त्यस्तो निर्देशनको पालना गर्नु कार्यक्रम निर्देशक समिति, अनुगमन समिति, भौतिक पूर्वाधार विकास मन्त्रालय तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयको कर्तव्य हुनेछ।

१८. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेः** कार्यालयले आवश्यकता अनुसार अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ।

१९. **बाधा अड्काउ फुकाउनेः** यो नियमावली कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा अड्काउ भएमा कार्यालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची-१

(नियम ७ को उपनियम (३) सँग सम्बन्धित)

कार्यक्रम कार्यान्वयन तालिका

( सम्बन्धित कार्यक्रम कार्यान्वयन हुने कार्यालय समेतमा पठाउने विवरण )

जिल्लाः .....................................

निर्वाचन क्षेत्र नं. .........................                                        प्रदेश निर्वाचन क्षेत्र नं. .....................

| क.सं. | सञ्चालन हुने आयोजनाको विवरण | सञ्चालन हुने गा.पा./न.पा./वडा नं./टोल | लक्ष्य एकाइ | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | लागत साझेदारीमा आयोजना सञ्चा.लन गरिने भएमा प्रत्येक सहभागीले व्यहोर्ने रकम रु. | | | | | | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | कार्यक्रमबाट | प्रदेशस्तरबाट | स्थानीय तहबाट | गैसस वा अन्य | जनसहभागिता | जम्मा | | |
| | | | | | | | | | | | | | | |

संयोजकः

सदस्यः

सदस्यः

अनुसूची-२

(नियम ७ को उपनियम (५) सँग सम्बन्धित)

कार्यक्रमको विवरण

आर्थिक बर्षः २०७.../०७..

जिल्लाः.........................

निर्वाचन क्षेत्र नं. .........................                प्रदेश निर्वाचन क्षेत्र नं. .........................

| क.सं. | विषय खुल्ने गरी कार्यक्रमको नाम | कार्यक्रम सञ्चा लन हुने स्थानीय तह | योजनाको सङ्ख्या | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | | ....................पालिका | | | |
| २ | | ....................पालिका | | | |
| ३ | | ....................पालिका | | | |
| ४ | नियम १५ बमोजिम हुन आउने प्रशासनिक खर्च | | | | |
| | निर्वाचन क्षेत्रको जम्मा | | | | |

संयोजकः

सदस्यः

सदस्यः

अनुसूची-३

(नियम १५ को उपनियम (१) सँग सम्बन्धित)

प्रशासनिक खर्च (कन्टिन्जेन्सी) विवरण

🕮

| क्र.सं. | प्रदेश सभाका जिल्लागत निर्वाचन क्षेत्रको विवरण | प्रशासनिक खर्च (कन्टिन्जेन्सी) बापतको रकम (कुल बजेटको प्रतिशतमा) |
|---|---|---|
| १ | ६ वटा निर्वाचन क्षेत्र हुने जिल्ला | २ |
| २ | ४ वटा निर्वाचन क्षेत्र हुने जिल्ला | २.५ |
| ३ | २ वटा निर्वाचन क्षेत्र हुने जिल्ला | ३ |

संयोजकः

सदस्यः

सदस्य

🕮 तेस्रो संशोधनद्वारा तालिका संशोधित